
# निमन्त्रण र निशानीहरू

**के तिमीले** सोचेका छौ कि हामीले तिमीलाई व्यर्थमा सृष्टि गरेका हौं, अनि के तिमी हामीतिर फर्केर आउने छैनौ ? अल्लाह तआला सच्चा सम्राट (मलिक) हुनुहुन्छ, उहाँ सर्वोच्च हुनुहुन्छ। उहाँ बाहेक कोही सत्य उपास्य छैन, उहाँ नै महिमावान् सिंहासनको प्रभु हुनुहुन्छ।

पवित्र ग्रन्थ कुर्आनः २३: ११५-११६



Q-1
مركز أصول العالمي
OsoulGlobalCenter
www.osoulcenter.com

Artwork for the word Allah in Arabic
Courtesy of Artist Farid Al Ali

# हे मानवहरू !

**निस्सन्देह, तिमीले राम्रो वा नराम्रो कर्मको लागि जो कडा मिहिनेत गरिरहेका छौ, त्यसको साथमा कयामतको दिन तिमी आफ्नो पालनकर्तासँग भेट गर्नेछौ ।**

**पवित्र ग्रन्थ कुर्आन: ८४: ६**



# हे मानवहरू !

**कुन कुराले तिमीलाई आफ्नो दयालु पालनकर्ताको विषयमा भ्रममा पारेको छ ? जुन पालनकर्ताले तिमीलाई सृष्टि गर्नुभयो, अनि फेरि (तिम्रा अङ्ग-प्रत्यङ्गहरूलाई) ठीकठाक पारी तिमीलाई सन्तुलित बनाउनुभयो र जुन रूपमा चाहनुभयो, त्यही रूपमा तयार गर्नुभयो ।**

पवित्र ग्रन्थ कुर्आन: ८२: ६-८ को भावार्थ





**हा**मीले नै मानिसलाई सृष्टि गरेका हौं र उसको मनमा जुन विचारहरू उत्पन्न हुन्छन्, तिनलाई पनि जान्दछौं। अनि हामी उसको घाँटीको रक्तबाहिनी नलीभन्दा पनि नजिक छौं।



पवित्र ग्रन्थ कुर्आन: ५०: १६ को अर्थ

के मानिसले ठानेको छ कि
उसलाई त्यत्तिकै छाडिनेछ ?


कुर्आन: ७५: ३६

أَيَحْسَبُ الْإِنسَانُ أَن يُتْرَكَ سُدًى

के मानिसले सोचेको छ कि उसको मृत्यु पश्चात् हामीले उसका हड्डीहरूलाई एकत्रित गर्नेछैनौं ? अवश्य गर्नेछौं ! हामीले तिनलाई जम्मा गर्नुको साथसाथै उसका औँलाका टुप्पा तथा निशानीहरूलाई पनि पहिले जस्तै पूर्ण रूपले बनाउन सक्षम छौं ।

पवित्र ग्रन्थ कुर्आन: ७५: ३-४ को अर्थ





के मानिसले ठानेको छ कि उसलाई त्यत्तिकै छाडिनेछ ? के ऊ एउटा टप्काइएको बाक्लो वीर्यको थोपा थिएन ? त्यसपछि त्यो वीर्य रगतको डल्लो भयो, अनि अल्लाहले उसलाई उसको आमाको गर्भमा ठिकठाक रूपमा सृष्टि गर्नुभयो। अनि त्यसैबाट स्त्री र पुरुषको रूपमा जोडी बनाउनुभयो।

त के यस्तो गर्न सक्ने महान् अल्लाहले मृत्यु पश्चात् उसलाई पुनः जीवित पार्न सक्नुहुन्न ?!

पवित्र ग्रन्थ कुर्आन: ७५: ३६- ४० को भावार्थ

Q-6

# हे मानिसहरू !

हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटै स्त्रीको माध्यमद्वारा सृष्टि गर्यौं र तिमीलाई विभिन्न समुदाय, थर र कबिलाहरू (गोत्रहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक ।
निस्सन्देह, अल्लाहकहाँ तिमीहरूमध्ये सर्वाधिक प्रतिष्ठित व्यक्ति त्यो हो जो अल्लाहसँग डराएर अनुचित कार्यबाट बच्ने (आत्म संयमी) छ । निश्चय नै अल्लाले सबै कुरा जान्ने सर्वज्ञाता हुनुहुन्छ ।

पवित्र ग्रन्थ कुर्आन: ४९: १३ को अर्थ



وأن ليس للإنسان إلا ما سعى


मानिसको लागि त्यही नै छ जसको निम्ति उसले प्रयास गर्यो, अनि उसको प्रयासको फल छिट्टै नै देखिनेछ र उसलाई पुरा-पुरा प्रतिफल प्रदान गरिनेछ। अनि (हे रसूल !) अन्ततः मानिसलाई मृत्यु पश्चात् तपाईको पालनकर्ता अल्लाहकै पासमा जानुछ।

पवित्र ग्रन्थ कुर्आनः ५३: ३९-४२ को अर्थ

يوم يتذكر الانسان ما سعى

त्यस दिन मानिसले आफूले गरेका कर्महरूलाई याद गर्नेछ।
(अर्थात् मृत्युपछि पुनः जीवित गरिने दिन वा न्याय अन्यायको फैसला गरिने दिन)

पवित्र ग्रन्थ कुर्आनः ७९: ३५ को अर्थ




# वास्तवमा तिमीहरूका प्रयासहरू विभिन्न प्रकारका छन्,

तसर्थ जसले दान दिँदै रहयो र अल्लाहसँग डर्दै अवैधबाट बच्यो; अनि त्यसबाट मिल्ने राम्रो प्रतिफलमा विश्वास गर्यो । हामीले उसको लागि भलाइका कार्य तथा मार्गहरू सहज गरिदिनेछौं ।

तर जसले आफ्नो धनमालमा कन्जुसी गर्यो, आवश्यक ठाउँमा खर्च गरेन र लापरवाही गर्यो अनि अल्लाहले प्रदान गर्ने प्रतिफलमा विश्वास नगरेर त्यसलाई झूटो भन्यो; त हामीले पनि त्यसमाथि सङ्कीर्णता र कठिनाइको साधन उपलब्ध गराइदिनेछौं ।

ऊ मुखको बल नर्कको खाल्डोमा खस्दा उसको धनमालले केही फाइदा पुर्याउनेछैन ।

पवित्र ग्रन्थ कुर्आनः ९२ः ४-११ को अर्थ





# हे मानिसहरू !

आफ्नो प्रतिपालक (अल्लाह) सँग डर । निश्चय नै महाप्रलयको भूकम्प तथा घटना अत्यन्तै भयङ्कर चीज हो । त्यस दिन तिमीले देख्नेछौ अर्थात् अवस्था यस्तो हुनेछ कि प्रत्येक दूध खुवाउने (आमा) ले आफ्ना दूध खाने बच्चाहरूलाई बिर्सिनेछन् र प्रत्येक गर्भवतीको गर्भपतन हुनेछ ।

अनि तिमीले मानिसहरूलाई नशा लागेको जस्तो लठ्ठिएको तथा बेहोश अवस्थामा देख्नेछौ, जबकि तिनीहरू नशा लागेका हुने छैनन् । तर अल्लाहको सजाय बडो कठोर चीज हो ।

पवित्र ग्रन्थ कुर्आनः २२ः १-२ को अर्थ



Q-10

# ईश्वरीय ग्रन्थहरू र

# कुर्आन



के यिनीहरूले कुर्आनमा चिन्तन मनन गर्दैनन्? यदि यो सत्य ईश्वर अल्लाह बाहेक अन्य कसैको तर्फबाट भएको भए यसमा अवश्य धेरै असंगति तथा विरोधाभाषपूर्ण कुराहरू पाउने थिए।

पवित्र ग्रन्थ कुर्आन: ४: ८२ को अर्थ

अनि सत्य ईश्वर अल्लाह बाहेक अरु कसैले यस पवित्र ग्रन्थ कुर्आनलाई आफ्नो तर्फबाट रचेर ल्याएको हुनै सक्दैन। बरु यसले जुन ग्रन्थहरू यसभन्दा पहिले अवतरित भएका थिए तिनलाई पनि पुष्टि गर्छ र यो पहिले अवतरण भएका ग्रन्थहरूको विस्तृत व्याख्या पनि हो। यो ग्रन्थ कुर्आन सम्पूर्ण ब्रह्माण्डका पालनकर्ताको तर्फबाट प्रदान गरिएको हो भन्ने बारेमा कुनै शङ्का छैन।

पवित्र ग्रन्थ कुर्आन: १०: ३७ को अर्थ



إِنَّا نَحْنُ نَزَّلْنَا الذِّكْرَ وَإِنَّا لَهُ لَحَافِظُونَ

**"निस्सन्देह, हामीले नै यस कुर्आनलाई अवतरण गरेका हौं र हामीले नै यसलाई सुरक्षा गर्नेछौं।"**

**पवित्र ग्रन्थ कुर्आनः १५: ९**

**हामीले नै तौरात अवतरित गर्यौं, जसमा मार्गदर्शन र शिक्षाको ज्योति थियो...**


**पवित्र ग्रन्थ कुर्आनः ५: ४४**

**हामीले यिनीहरू (पहिलेका सन्देश वाहकहरू) पछि मरियमका पुत्र ईसा (येशू) लाई सन्देश वाहक बनाएर पठायौं। उनले आफूभन्दा पहिलेका सन्देश वाहक मूसालाई प्रदान गरिएको किताब तौरातलाई पुष्टि गर्दथे; अनि हामीले उनलाई इन्जील प्रदान गर्यौं, जसमा मार्गदर्शन र शिक्षाको ज्योति थियो।**

**पवित्र ग्रन्थ कुर्आनः ५: ४६**

**अनि (हे मुहम्मद !) हामीले तपाईंलाई सत्यताको साथ यो ग्रन्थ (कुर्आन) प्रदान गरेका छौं, यसले आफूभन्दा अगाडिका ग्रन्थहरूलाई प्रमाणित गर्दछ र ती सबैका संरक्षक हो।**

**पवित्र ग्रन्थ कुर्आनः ५: ४८**



# हे मानवहरू !

तिम्रो पालनकर्ताको तर्फबाट तिम्रो पासमा स्पष्ट प्रमाण आइसकेको छ र हामीले तिमीतिर चम्किलो ज्योति (कुर्आन) अवतरण गरेका छौं ।

त्यसैले जसले अल्लाहमा ईमान (आस्था) राखे र उहाँलाई दृढतापूर्वक समाते, अल्लाहले तिनीहरूलाई आफ्नो कृपा र अनुग्रहमा प्रवेश गराउनु हुनेछ अनि उहाँले तिनीहरूलाई सीधा मार्गमा मार्गदर्शन गर्नुहुनेछ ।

पवित्र ग्रन्थ कुर्आन: ४: १७४-१७५ को अर्थ

